# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १५ ] काठमाडौं, आषाढ ६ गते २०२२ साल [ अतिरिक्ताङ्क ७

**श्री ५ को सरकार**

### कानून तथा न्याय मन्त्रालय

**श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–**

**२०२२ सालको ऐन नं. १**

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान-मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अतिकीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सरकारी मुद्दासम्बन्धी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "सरकारी मुद्दासम्बन्धी (तेस्रो संशोधन) ऐन, २०२२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ७ मा संशोधनः– मूल ऐनको दफा ७ को उप–दफा (३) को सट्टा निम्नलिखित उप–दफा (३) राखिएको छः–

"(३) श्री ५ को सरकारको तर्फबाट कुनै व्यक्तिको नाउँमा देवानी विषयमा नालिश गर्नुपर्ने भएमा प्रचलित नेपाल कानूनले सो विषयमा श्री ५ को सरकारले नालिश उजूर गर्ने हद म्याद तोकिएको भए सोही हद म्यादभित्र र त्यस्तो हद म्याद नतोकिएकोमा सो नालिश गर्नुपर्ने भएको कुरा श्री ५ को सरकारलाई थाहा भएको मितिले दुई वर्षभित्र नालिश गर्नुपर्दछ ।

तर प्रचलित नेपाल कानूनमा नालिश गर्नलाई हद म्याद हुँदैन भन्ने र जहिलेसुकै पनि नालिश लाग्छ भन्ने प्रष्ट किटिएकोमा जहिलेसुकै पनि नालिश उजूर लाग्छ ।"

स्पष्टीकरणः– श्री ५ को सरकारको सम्बन्धित प्रशासकीय अफिसले थाहा पाएकोलाई श्री ५ को सरकारले थाहा पाएको मानिने छ ।

३. दायर हुन बाँकी मुद्दाः– मूल ऐनको अनुसूची २ मा लेखिएको कुनै मुद्दा प्रचलित नेपाल कानून-को हद म्यादभित्र अदालतमा दायर भैसकेको रहेनछ भने त्यस्तो सबै मुद्दा यो ऐन प्रारम्भ भएको मितिले ६ महीनाभित्र सम्बन्धित अदालतमा दायर गर्न सकिने छ ।

४. मूल ऐनको अनुसूचीहरूमा संशोधनः– (१) मूल ऐनको अनुसूची १ को नं. ६ को सट्टा देहायको नं. ६ राखिएको छः–

"६. गोबध वा मुलुकी ऐन चौपायाको महलको ८ नं. मा लेखिएको मुद्दा"

(२) मूल ऐनको अनुसूची २ को सट्टा देहायको अनुसूची २ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२

(दफा ४ र ८ संग सम्बन्धित)

१. सरकारी जग्गा दपोट ।
२. तिरो दपोट ।
३. मुलुकी ऐन अदलको महलको २ नं र ३ नं मा लेखिएको मुद्दा ।
४. मुलुकी ऐन लेनदेन व्यवहारको महलको ३५ नं. मा लेखिएको मुद्दा ।
५. मुलुकी ऐन जग्गा अवाद गर्नेको महलको १२ नं. मा लेखिएको मुद्दा ।
६. मुलुकी ऐन जग्गा पजनीको महलको १६ नं. मा लेखिएको मुद्दा ।
७. मुलुकी ऐन अपुतालीको महलको १७ नं. मा लेखिएको मुद्दा ।
८. मुलुकी ऐन कल्याणधनको महलको १ नं. मा लेखिएको मुद्दा ।
९. सरकारी रकम कलम दबाएको वा सरकारी हक दैया लाग्ने कुरा कायम गर्ने विषयको मुद्दा ।
१०. यो ऐनबमोजिम श्री ५ को सरकार वादी हुने भनी श्री ५ को सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको अरू कुनै देवानी मुद्दा ।

लालमोहर सदर मिति :–२०२२।३।८।१

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव ।

69

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

62

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।